आज मिति २०८३ साल असार १० गते बुधवारका दिन दिउँसो १:०० बजे रामपुर नगरपालिका वडा नं. ५ स्थित होटेल न्यू श्रीनगरमा यस रामपुर नगरपालिकाको **"नगर सभा, उन्नाइसौं अधिवेशनको बैठक"** नगर प्रमुख श्री रमण बहादुर थापा ज्यूको सभाध्यक्षतामा एवं देहाय अनुसारको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३. | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता एवं वडाध्यक्ष वडा नं १ | |
| ५. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष, वडा नं २ | |
| ६. | श्री दामोदर पाठक | वडाध्यक्ष, वडा नं ३ | |
| ७. | श्री राम बहादुर राना | वडाध्यक्ष, वडा नं ४ | |
| ८. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष, वडा नं ५ | |
| ९. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. | श्री दोवराज तिवारी | वडाध्यक्ष, वडा नं ७ | |
| ११. | श्री दिनेश आचार्य | वडाध्यक्ष, वडा नं ८ | |
| १२. | श्री डिल वहादुर राना | वडाध्यक्ष, वडा नं ९ | |
| १३. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष, वडा नं १० | |
| १४. | श्री देवका पोखेल | कार्यपालिका सदस्य, वडा नं १ | |
| १५. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य, वडा नं ४ | |
| १६. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य, वडा नं ५ | |
| १७. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य, वडा नं ६ | |
| १८. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य, वडा नं ७ | |
| १९. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य, वडा नं ५ | |
| २०. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य, वडा नं ६ | |

| | | | |
|---|---|---|---|
| २१. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य, वडा नं १० | |
| २२. | श्री जिवन माया सार्की | वडा सदस्य, वडा नं १ | |
| २३. | श्री नारायण चन्द ठकुरी | वडा सदस्य, वडा नं १ | |
| २४. | श्री मदन खाड ठकुरी | वडा सदस्य, वडा नं १ | |
| २५. | श्री टक माया थापा | वडा सदस्य, वडा नं २ | |
| २६. | श्री तेज कुमारी गैरे नेपाली | वडा सदस्य, वडा नं २ | |
| २७. | श्री खेम बहादुर कुमाल | वडा सदस्य, वडा नं २ | |
| २८. | श्री शिव शंकर जि.सी. | वडा सदस्य, वडा नं २ | |
| २९. | श्री गोमा थापा | वडा सदस्य, वडा नं ३ | |
| ३०. | श्री खगिसरा वि.क. | वडा सदस्य, वडा नं ३ | |
| ३१. | श्री गोप बहादुर राना | वडा सदस्य, वडा नं ३ | |
| ३२. | श्री तेज बहादुर राना | वडा सदस्य, वडा नं ३ | |
| ३३. | श्री कमला देवी रुचाल | वडा सदस्य, वडा नं ४ | |
| ३४. | श्री मोहन सिं राना | वडा सदस्य, वडा नं ४ | |
| ३५. | श्री मोहमद अजिम शेख | वडा सदस्य, वडा नं ४ | |
| ३६. | श्री ईश्वरी कुमारी काफ्ले | वडा सदस्य, वडा नं ५ | |
| ३७. | श्री नरेन्द्र कुमार जर्घा मगर | वडा सदस्य, वडा नं ५ | |
| ३८. | श्री युवराज शाही | वडा सदस्य, वडा नं ५ | |
| ३९. | श्री थाम माया नेपाली दर्जि | वडा सदस्य, वडा नं ६ | |
| ४०. | श्री प्रकाश बहादुर कुमाल | वडा सदस्य, वडा नं ६ | |
| ४१. | श्री हरिनाथ ढुङ्गाना | वडा सदस्य, वडा नं ६ | |
| ४२. | श्री मिठु माया सुनार | वडा सदस्य, वडा नं ७ | |
| ४३. | श्री खेमराज अधिकारी | वडा सदस्य, वडा नं ७ | |
| ४४. | श्री मिन बहादुर सिंजाली | वडा सदस्य, वडा नं ७ | |

| | | | |
|---|---|---|---|
| ४५. | श्री विष्णुमाया गैहे | वडा सदस्य, वडा नं ८ | |
| ४६. | श्री कमला सुनार | वडा सदस्य, वडा नं ८ | |
| ४७. | श्री दिल बहादुर रामजाली | वडा सदस्य, वडा नं ८ | |
| ४८. | श्री लिलानाथ अधिकारी | वडा सदस्य, वडा नं ८ | |
| ४९. | श्री सुन कुमारी रुचाल | वडा सदस्य, वडा नं ९ | |
| ५०. | श्री भगवती सुनार | वडा सदस्य, वडा नं ९ | |
| ५१. | श्री तिल बहादुर गाहा मगर | वडा सदस्य, वडा नं ९ | |
| ५२. | श्री नारायण प्रसाद पोखेल | वडा सदस्य, वडा नं ९ | |
| ५३. | श्री राम कुमारी भण्डारी | वडा सदस्य, वडा नं १० | |
| ५४. | श्री सुमित्रा वर्मेली (सार्की) | वडा सदस्य, वडा नं १० | |
| ५५. | श्री पिताम्वर ओस्ती | वडा सदस्य, वडा नं १० | |

## रामपुर नगरपालिका, नगर सभा १९ औ अधिवेशनको बैठकका

### प्रस्तावहरु

१. आ.व. २०८३/०८४ को आर्थिक, विनियोजन ऐनको छलफल सम्बन्धमा ।

२. नगर सभा समिति तथा न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति सम्बन्धमा ।

३. भू-उपयोग परिषदको निर्णय सदर सम्बन्धमा ।

४. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

५. सम्मान तथा पुरस्कार ।

६. विविध ।

### निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को आर्थिक विधेयक, विनियोजन विधेयक थप दफावार छलफल गरी बहुमतमा ऐनका रुपमा पास गर्ने निर्णय गरियो ।माथि उल्लेखित ऐनहरु पछिल्ला पृष्ठहरुमा निर्णय नं. सहित उल्लेख गरिएको छ ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर सभा अन्तर्गत गठित समिति साथै न्यायिक समितिको वार्षिक प्रतिवेदन तपसिल बमोजिम प्रस्तुत भई बहुमतले पारित गरियो ।

| | |
|---|---|
| १ | लेखा समितिको वार्षिक प्रतिवेदन |
| २ | अनुगमन तथा सुशासन समितिको वार्षिक प्रतिवेदन |
| ३ | न्यायिक समितिको वार्षिक प्रतिवेदन |

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ बमोजिम भू-उपयोग ऐन, २०७६ को दफा ८ को उपदफा (२क) मा उपदफा २ बमोजिम प्राप्त निवेदन मनासिब देखिएमा एक पटकका लागि स्थानीय भूउपयोग परिषद्ले भूउपयोग परिवर्तन गर्न सक्नेछ साथै दफा ३ उपदफा (२क) बमोजिम स्थानीय भूउपयोग परिषद्ले भूउपयोग परिवर्तन गरी कायम गरिएभन्दा फरक प्रयोजनमा प्रयोग गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई पुनः

स्थानीय भूउपयोग परिषद् समक्ष निवेदन दिनुपर्नेछ र त्यसरी प्राप्त निवेदनको व्यहोरा मनासिव देखिएमा स्थानीय भूउपयोग परिषद्ले प्रादेशिक भूउपयोग परिषद्समक्ष अनुरोध गर्नु पर्नेछ भन्ने व्यवस्था उल्लेख रहेकोमा यस नगरपालिका अन्तर्गत गठित भू-उपयोग परिषदबाट प्राप्त विवरणहरुलाई कानून बमोजिम हुने गरी संशोधनका लागि उक्त विवरण प्रदेश भू-उपयोग परिषद समक्ष पेश गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाको कार्यबोझ, कार्यप्रकृति, सेवा प्रवाहको अवस्था, संगठनात्मक संरचना, विद्यमान दरबन्दी तथा जनशक्ति व्यवस्थापन, कार्यविभाजन, जिम्मेवारीको वितरण, प्रशासनिक दक्षता तथा प्रभावकारिताको समग्र विश्लेषण गरी आवश्यक संगठनात्मक सुधार, दरबन्दी पुनर्संरचना तथा जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey - O&M Survey) तयार गरिएकोमा उक्त प्रतिवेदन पास गर्ने निर्णय गरियो।

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत विभिन्न पदमा कार्यरत उत्कृष्ट कर्मचारी, सबैभन्दा बढि राजश्व दाखिला गर्ने उत्कृष्ट करदाता, पत्रकारहरु, खेलाडीहरु, खेल प्रशिक्षक लगायत तपसिल बमोजिम सम्मान गरियो ।

| क्र.सं. | नाम,थर | विवरण |
|---|---|---|
| १ | माधव प्रसाद अर्याल रामपुर ९ लाम्दीखोला(हाल तानसेन ४ पाल्पा | कान्तिपुर मिडिया ग्रुपका उपसम्पादक<br>पत्रकारिता |
| २ | सुनिल कार्की तानसेन ५ पाल्पा | सार्वजनिक सेवा प्रशारण (नेपाल टेलिभिजन) पाल्पा प्रतिनिधि |
| ३ | कृष्ण प्रसाद पौडेल रामपुर ७ पाल्पा | व्यवस्थापक , पृथ्वी टेलिभिजन |
| ४ | बन्दना पोखरेल रामपुर ८ पाल्पा | बोली खबर डटकमका सम्पादक |
| ५ | अभिषा भट्टराई, श्री दरैंठाटी माध्यमिक विद्यालय, रामपुर-६ | SEE परीक्षा २०८२ मा ४ जीपिए ल्याउन सफल |
| ६ | विद्या भण्डारी,श्री दरैंठाटी माध्यमिक विद्यालय, रामपुर-६ | SEE परीक्षा २०८२ मा ४ जीपिए ल्याउन सफल |
| ७ | आकृती वाकाबल, श्री रामतुलसी माध्यमिक विद्यालय, रामपुर-५ | SEE परीक्षा २०८२ मा ४ जीपिए ल्याउन सफल |
| ८ | संगम ढेगा, श्री रामतुलसी माध्यमिक विद्यालय, रामपुर-५ | SEE परीक्षा २०८२ मा ४ जीपिए ल्याउन सफल |
| ९ | मुक्ति प्रसाद भट्टराई, रामपुर-७ | आ.व. २०८२/०८३ मा उत्कृष्ट करदाता |
| १० | जिसान सिद्धिकी | रामपुर ४ पाल्पा काठमाण्डौमा सम्पन्न NSKA International karate championship, मा KATA U-16 ,५० केजी तौल समूहमा गोल्ड मेडलिष्ट |

| | | |
|---|---|---|
| ११ | विनिता राना | Under 19, दोस्रो कावा(CAVA) यु–१९ महिला भलिबल च्याम्पियनसिप–२०२५ उपविजेता |
| १२ | पुष्पल रेग्मी | U–१९ फुटबल खेलको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उत्कृष्ट प्रतिभा प्रदर्शन गर्दै |
| १३ | कमल राना | भलिबल प्रशिक्षक |
| १४ | रन्जन न्यौपाने | वरिष्ठ इन्जिनियर |
| १५ | विजिता फाल | सि.अ.हे.व. |
| १६ | युवराज नेपाली | स्वंयमसेवी परिचालक/जेटिए |
| १७ | तुल बहादुर थापा | नगर प्रहरी |
| १८ | सीताराम आचार्य | सवारी चालक |

६ निर्णय नं. ६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा हाल सम्म १८ वटा कार्यपालिका बैठक बसिएकोमा सम्पूर्ण बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका नगरपालिकाको विनियोजन ऐन र कार्यपालिकाका निर्णयानुसार भएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

८ निर्णय नं. ८, प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा भएका कार्यपालिका बैठकको निर्णय, नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णयानुसारका खर्चहरु, विपद व्यवस्थापन, नगरस्तरीय मर्मत तथा निर्माण, नगरस्तरिय खानेपानी निर्माण तथा मर्मत, विविध खर्च, विभिन्न संघ,संस्थालाई आर्थिक सहायता, आ.व. २०८२/०८३ मा कार्यालयको कामकाजले नगर प्रमुखज्यू पाल्पा जिल्ला भन्दा बाहिर ३ (तिन) भन्दा बढि दिन जानुभएको भ्रमण काज, जनप्रतिनिधि सुविधा, प्रोत्साहन भत्ता, योजना तथा कार्यक्रम लगायतका अन्य विभिन्न भुक्तानी, अख्तियार, महालेखापरीक्षकका परिक्षक लगायत अन्य कार्यालयबाट प्राप्त भएका परिपत्रको कार्यान्वयन अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियो ।

९ निर्णय नं. ९, प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन कार्यान्वयनका लागि मिति २०८२/०३/१६ गते भित्र खर्चको अख्तियारी दिने निर्णय गरियो ।